# महान्यायाधिवक्ताको कार्यालय

(.........प्रशासन.................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७८।०७९

चलानी नं. :- १८९९

मिति :- २०७९।०३।२०

विषयः परिपत्र

श्री उच्च सरकारी वकील कार्यालय, सबै

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

उपर्युक्त सम्बन्धमा मुलुकी फौजदारी कार्य विधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिको मिति २०७९।०२।०९ गतेको बैठकबाट देहाय बमोजिम निर्णय भएको हुदाँ सो बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहाय

१. जाहेरवाला दुर्गानन्द शाह र प्रतिवादी उदयनाथ मण्डल समेत भएको आपराधिक विश्वासघात तथा आपराधिक लाभ मुद्दामा अनुसन्धान कार्य भई अनुसन्धान प्रतिवेदन साथ पेश भएको प्रस्तुत मुद्दामा जिल्ला सरकारी वकील कार्यालय, ससरी र उच्च सरकारी वकील कार्यालय, राजविराजबाट मुद्दा नचलाउने निर्णय हुदाँ अनुसन्धानमा संकलित तथ्य प्रमाणहरुको समग्र विश्लेषण विवेचना नगरी नेपाल सरकारको २०७७।११।२० को ३ बुंदे सहमतिको आधार मात्र उल्लेख गरी मुद्दा नचलाउने निर्णय निकाशार्थ प्राप्त भएको अवस्था छ ।

यसमा राजनैतिक गतिविधिसंग सम्बन्धित स्वभाविक क्रियाकलाप बाहेकका कसूरजन्य क्रियाकलापका मुद्दाका सम्वन्धमा भएको अनुसन्धानमा संकलित तथ्य प्रमाणहरुको समुचित विश्लेषण विवेचना नगरी नेपाल सरकारको निर्णयलाई मात्र आधार बनाई मुद्दा नचलाउने गरि निर्णय नगर्ने कुरामा ध्यान दिन सबै कार्यालयहरुमा परिपत्र गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

२०७९।३।२०

(मन्मथ कुमार उपाध्याय)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np